# केदारस्यूँ गाउँपालिकाको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति २०८०।१०।०५

केदारस्यूँ गाउँपालिकाका भित्र खास गरि स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका स्थानीय बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सर्वा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर बृद्धि गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी केदारस्यूँ गाउँपालिकाले देहायको कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१)यसकार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८०" रहेकोछ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकबाट पारित भै स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "एम्बुलेन्स" भन्नाले केदारस्यूँ गाउँपालिकाले सञ्चालन गर्ने विरामी ओसार्ने स्वीकृती प्राप्त गरेको बाहनलाई सम्झनु पर्छ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले"केदारस्यूँ गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" सम्झनु पर्छ।

(घ) " गाउँपालिका " भन्नाले केदारस्यूँ गाउँपालिका सम्झनु पर्छ।

(ङ) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(च) " समिति" भन्नाले दफा ४ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ।

(ज) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरे बाफत सेवाग्राहीले बुझाउनु पर्ने गरि समितिले तोकेको शुल्क सम्झनु पर्छ।

## परिच्छेद २
## एम्बुलेन्स सञ्चालन सम्बन्धी व्यवस्थ

३. **उद्देश्य :** यस निर्देशिकाको प्रमुख उद्देश्य यस गाउँपालिकाको क्षेत्र भित्र र नजिकका स्थानिय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरुलाई उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य संस्था सम्म पुर्याउने तथा यसको विश्वसनियता साथै प्रभावकारिता बृद्धि गरि दिगो र भर पर्दो सेवा संचालन गर्नु रहेको।

केदारस्यूँ गाउँपालिका

४. **छनौट र प्राथमिकता**: (१) एम्बुलेन्सको उपयोगका लागि गाउँपालिका क्षेत्र भित्रका बासिन्दाहरुलाई सेवा प्रदान गर्दाको सेवा शुल्क र अन्य स्थानीय तहका सेवा ग्राहीहरुलाई लिने सेवा शुल्क फरक हुने गरि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(२) उपदफा(१) बमोजिम सेवा शुल्क लिदा सेवाग्राहीको स्थायी ठेगानालाई प्रमुख मानिने छ।

(३) अटो तथा ई-रिक्सा सवारी ऐन/ नियम बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवं नवीकरण भई गाउँपालिकामा यस कार्यविधि बमोजिम तोकिएको दस्तुर बुझाई अटो तथा ई-रिक्सा गाउँपालिकाको क्षेत्रमा सञ्चालनका लागि अनुमति दिनु पर्नेछ।

४. **एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति:** (१)एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेको एक गाउपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तर कर्मचारी | -सदस्य |
| (ग) कार्यपालिका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरि कार्यपालिकाले चयन गरेको दुई जना सदस्य | -सदस्य |
| (घ) एम्बुलेन्स रहेको वडाका वडा अध्यक्ष | -सदस्य |
| (ङ) प्रतिनिधि, स्थानीय रेडक्रस सोसाईटी | -सदस्य |
| (च) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | -सदस्य |
| (छ) एम्बुलेन्स रहेको सम्बन्धित स्वास्थ्य चौकी प्रमुख | -सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई आमन्त्रीत गर्न सक्ने छ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिले सर्व सम्मत निर्णय गर्नुपर्नेछ। सर्वसम्मत रुपमा निर्णय हुन नसकेमा बहुमतको आधारमा निर्णय गर्न सकिनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकार :**(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) एम्बुलेन्स साव पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने। यस कार्यविधि अनुसारले आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने।

(घ) एम्बुलेन्स निश्चित मापदण्डको आधारमा निर्धारण गर्ने सामान्यतया एक पटक निर्धारण भएको भाडा दुई बर्ष नपुगी पुनरालोकन गर्न नपाईने।

(ङ) चालकले अनुसूची बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने

(च) एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापढण्ड बनाउने साथै गाउँपालिकामा बसोबास गर्ने सेवाग्राही, कार्यरत कर्मचारी र गर्भवती तथा सुत्केरी लगाएत विशेष संरक्षण प्राप्त व्यक्तिलाई विशेष छुट दिने/ नदिने निर्णय गर्ने

(२)समितिको सदस्य – सचिवले सेवा प्रवाह स्थितिको अध्यावधिक विवरण सहितको प्रतिवेदन प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

## परिच्छेद -३

## कर्मचारी सम्बन्धी व्यवस्था

६. **चालकको नियुक्ति र सेवा सुविधा:** (१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँ कार्यपालिकाको स्वीकृतिमा सम्बन्धित स्वास्थ्य चौकीले नेपाल सरकारले एम्बुलेन्स सेवा संचालन सम्बन्धि निर्देशिका बमोजिम योग्यता पुगेको एक जना चालक सेवा करारमा नियुक्ति गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (४) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु दुई लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बाफतको रकम कोषबाट व्यहोरिनेछ ।

(४) चालकले अनुसूची २ बमोजिमको आचारसंहिता पालना गर्नुपर्ने छ ।

७. **अवकास दिन सकिने** : (१) आफ्नो पदको जिम्मेवारी पुरा नगरेको र आचारसंहिता पालना नगरेको अवस्थामा एम्बुलेन्स चालकलाई समितिको निर्णयबाट जुनसुकै बखत पदबाट अवकाश दिन सकिनेछ ।

## परिच्छेद – ४

## सेवा शुल्क तथा मर्मत सम्बन्धी व्यवस्था

८. **सेवा शुल्क तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था :(१)** सेवाग्राहीहरुले एम्बुलेन्स सेवा प्रयोग गर्दा लाग्ने सेवा शुल्क कार्यपालिकाको बैठकले नर्धारण गर्नेछ ।

(२) सेवा शुल्क बाफत लिईने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराइनेछ । नगदी रसिदको अभिलेख, नियन्त्रण खाता राखिनेछ ।

(३) सेवा दिए बाफत लिइने सेवा शुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेवारी चालकको हुनेछ ।

(४) एम्बुलेन्स सेवा बाफत उठेको रका गाउँपालिकाले सम्बन्धीत स्वास्थ्य चौकीको नाममा एक अलग बैक खाता / कोष खडा गरि त्यसमा जम्मा गर्नेछ ।

(५) सेवा शुल्क बाफत लिइने रकमको असुलीका लागि सम्बन्धित स्वास्थ्य चौकीले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/ नियन्त्रण खाता स्वास्थ्य चौकीमा राखिनेछ ।

९. **एम्बुलेन्स सञ्चालन कोष :(१)**एम्बुलेन्स नियमित मर्मत संभार तथा एम्बुलेन्स जनशक्तिको तलब भत्ताको व्यवस्था गरि एम्बुलेन्सको नियमित संचालनलाई सुनिश्चित गर्न छुटै एक एम्बुलेन्स सञ्चालनकोष खडा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम खडा गरिने एम्बुलेन्स सञ्चालन काषमा देहाय बमोजिमको रकम समेत जम्मा गरिनेछः

(क) सेवा उपभोग गर्ने व्यक्ति वा संघ संस्थाबाट प्राप्त सेवा शुल्क बाफतको रकम ।

(ख) भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडा बाफत प्राप्त रकम।

(ग) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट एम्बुलेन्स सञ्चालन लागि प्राप्त रकम।

(घ) अन्य दातृ निकायबाट प्राप्त अन्य कुनै अनुदान वा सहयोग रकम आदी।

१०. **कोष संचालन र उपयोग :(१)**एम्बुलेन्स सञ्चालन कोष प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ।

**(२)** कोषमा जम्मा भएको रकम एम्बुलेन्सको सञ्चालन, नियमित मर्मत संभार, एम्बुलेन्स जनशक्तिको तलब, भत्ता लगाएतका सुविधा तथा समितिको बैठक भत्ताको लागि खर्च गरिनेछ।

## परिच्छेद -५
## विविध

**११. लेखा र लेखा परिक्षण :**(१) एम्बुलेन्स सञ्चालन कोषको आम्दानी र खर्चको लेखा प्रचलित कानून अनुरुप राखिनेछ।

(२) कोषको आम्दानी र खर्चको हिसाव महालेखा परिक्षकको कार्यालयबाट खटिने लेखापरिक्षकबाट सालबसालिरुपमा लेखापरिक्षण गराईनेछ।

**१२. विविदको समाधान :**(१) एम्बुलेन्स सञ्चालन गरि सेवा गर्ने कुनै विवाद उत्पन्न भएमा समितिले सम्बन्धित पक्षहरुसंग छलफल गरि समाधान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छलफलबाट समाधान हुन नसकेमा समितिको प्रस्तावमा गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ।

**१३.** भाडामा दिन सकिनेः **(**१) गाउँपालिकाले आवश्यकता अनुसार कुनै व्यक्ति वा संस्था मार्फत एम्बुलेन्स संचालन गर्न समितिको बैठकले निर्णय गरि एम्बुलेन्स भाडामा प्रयोग गर्न दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम एम्बुलेन्स भाडामा दिदा प्रतिदिन वा महिनाको भाडा दर तथा अन्य शर्तहरु कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(३) भाडामा दिने सम्झौता सम्झौता अनुसूची ३ बमोजिम हुनेछ।

**१४. निर्देशिकामा संशोधनः** (१) यस निर्देशिकामा आवश्यक संशोधन वा थपघट गर्नु परेमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरि थपघट वा संशोधन गर्न सक्नेछ।

१५. **प्रचलित कानून बमोजिम हुनेः** (१) यस निर्देशिकामा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. **एम्बुलेन्स रहने स्थानः** (१) एम्बलेन्स रायल प्राथमिक स्वास्थ्य केन्द्रको हातामा रहनेछ।

१७. **विविधः** (१) एम्बुलेन्समा रहेन न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसूची ४ बमोजिम हुनेछ।

(२) एम्बुलेन्स सवार विरामी र विरामीको आफन्तको विमाको दायित्व स्वयंमको हुनेछ।

(३) एम्बुलेन्स मर्मत संभार सम्बन्धी अनुसूची ५ बमोजिम हुनेछ।

## अनुसूची १

**(कार्यविधिको  दफा (५) संग सम्बन्धित सेवा शुल्क सम्नब्धी दररेट)**

| क्र स | देखि | सम्म | दररेट (रु.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

नोटः पहिलो पटकको लागि एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले तोके बमोजिम हुनेछ ।

- उल्लेखित दरमा तेल र विभिन्न करको रकम समावेश गरिनेछ ।
- दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ ।
- एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी विरामी लैजानु अगावै कार्यालयमा बुझाउनु पर्नेछ ।

केदारस्यूँ गाउँपालिका

## अनुसूची २

### दफा ६ उपदफा ४ सँग सम्बन्धित
### चालकले पालना गर्नुपर्ने आचारणहरुः

(क) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० लाई पुर्णतः पालना गर्नुपर्नेहुनेछ

(ख)एम्बुलेन्सको उचित तरिकाले संचालन, रेखदेख, गर्ने र एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ।

(ग) एम्बुलेन्स संचालन भएको अवधि र खपत भएको इन्धनको दैनिक रुपमा अभिलेख राख्ने।

(घ) एम्बुलेन्स संचालन गर्ने निर्णय भएको स्थान बाहेक अन्यत्र एम्बुलेन्स उपयोग गर्दा समितिको पूर्व अनुमती लिने।

(ङ) एम्बुलेन्स संचालनको क्रममा हुन सक्ने संभावित दुर्घटना तथा क्षति उपर सावधानी अपनाई एम्बुलेन्सको सुरक्षा गर्ने।

(च) एम्बुलेन्सको नियमित सरसफाई, लुब्रिकेन्ट चेकअफ तथा नियमित मर्मत संभारका लागि समुचित ध्यान दिने।

(छ) एम्बुलेन्स दुर्घटना विमा बनाउने विषय तथा समयमा प्रिमियम बुझाए नबुझाएको विषयमा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा समयमै जानकारी गराउने।

(ज) एम्बुलेन्स नैजानु पर्व एम्बुलेन्सको अवस्था चेकाजाँच गरि निकासा भएको अवस्थामा शुल्क बाफतको रकम गाउँपालिकामा दाखिला भए नभएको एकिन गर्ने।

(झ) मादक पदार्थ सेवन गरि एम्बुलेन्सस चालउन पाउने छैन। यदि मादक पदार्थ सेवन गरि एम्बुलेन्स चालईएको पाइएमा जुनसुकै बखत आवश्यक कारवाहि गरिनेछ।

(ञ) विरामी कूरुवा र सेवाग्राहीहरुलाई दुरव्यवहार गर्न पाइने छैन उनिहरुलाई मिलनसार व्यवहार गर्नु पर्नेछ।

(ट) सेवाग्राहीहरुलाई गन्तव्य स्थान भन्दा विच स्थान मै छोड्न पाईने छैन यदि प्राविधि कारणले एम्बुलेन्स विग्रिएमा सके सम्म अन्य कुनै बैकल्पिक व्यवस्था गरि सम्बन्धित स्थान सम्म पठाउने व्यवस्थाका लागि सहयोग गर्नुपर्नेछ।

(ठ) एम्बुलेन्स संचालन सम्बन्धमा समिति , स्वास्थ्य शाखा प्रमुख र प्रमूख प्रशासकीय अधिकृतले दिएको निर्देशनहरु पालना गर्नुपर्नेछ।

(ड) प्रचलित कानून बमोजिम प्रतिबन्ध लगाएका बस्तुहरु ओसार पसार गर्नपाइने छैन।

(ढ) निम्नानुसारकाव करा सम्झौता पत्र लागु हुनेछ।

म ..................... स्थायी ठेगाना ................... भई हाल .......................मा बसोबास गर्ने ना.प्र.न.................... तथा सवारी चालक प्रमाणपत्र नं. .......................... ले माथि उल्लेखित आचारसहिता अध्ययन गरेको छु। बझाङ्ग जिल्ला केदारस्युँ गाउँपालिकाबाट .................... स्वास्थ्य केन्द्रलाई व्यवस्थापनको जिम्मा दिइएको एम्बुलेन्स चलाउँदा मैले यो आचारसहिता पुर्णरुपमा पालना गर्नेछु भिन सहमति जाई सहिछाप गरेको छु।

| | |
|---|---|
| चालकको नामः | रोवहरमा प्रमाणित गर्ने |
| व्यक्तिः | दस्तखतः |
| दस्तखतः | नाम पदः |
| मितिः | मितिः |
| | कार्यालयको छापः |

## अनुसूची -३

### दफा १३ उपदफा ३ सम्बन्धित
### भाडाम लिने दिने सम्झौता पत्र

…………………………….. स्वास्थ्य चौकी( जसलाई पछी प्रथम पक्ष भनिनेछ) र बस्ने श्री ……………………………………..(यस पछी दोस्रो पक्ष भनिनेछ) बीच बझाङ्ग जिल्ला ………………… नगरपालिका/ गाउँपालिका वडा नं…. मा एम्बुलेन्स प्रदान गर्ने प्रयोजनका लागि एम्बुलेन्स भाडामा दिने लिने सम्बन्धमा निम्न कुराहरुको शर्तहरु दुवै पक्ष पुर्ण रुपमा गेन मन्जुर भई यो सम्झौता पत्रमा सहिछाप गरि लियौँ दियौँ।

शर्तहरुः

१. एम्बुलेन्स भाडामा लिने ( दोस्रो पक्षका) श्री ……………………….. ले एम्बुलेन्स भाडामा लिदा एम्बुलेन्स संचालनमा आएपछी प्रतिदिन रकम रु ……………… का दरले प्रथम पक्षलाई तिर्ने गरि भाडामा प्रयो ग गर्नुपर्नेछ।
२. यो सम्झौता मिति ……………………….. गते सम्म लागु हुनेछ।
३. सम्झौता अवधि भन्दा बढी समय एम्बुलेन्स प्रयोग गर्नु परेमा दोस्रो पक्षले प्रथम पक्षलाई निवेदन दिई अनुरो गरेमा थप समयमा पनि सम्झौता गरि प्रयोग गर्न सकिनेछ।
४. दोस्रो पक्षले एम्बुलेन्स भाडाम लिनु पूर्व भाडामा लिएको अवधिको सम्पुर्ण रकम **स्वास्थ्य चौकी** वा सो कार्यालयको राजस्व खातामा वा कोष खातामा रकम जम्मा गर्नुपर्नुपर्नेहुन्छ।
५. दोस्रो पक्षले एम्बुलेन्स संचालनमा ल्याउने सम्झौता अवधिभर चालकलाई बस्ने बासको व्यवस्था गरिदिनु पर्नेछ।
६. एम्बुलेन्स संचालन अवधिमा एम्बुलेन्सको मर्मत तथा सर्भिसिङ दोस्रो पक्षले नै गर्नेछ।
७. यो सम्झौता सम्पन्न भई एम्बुलेन्स दोस्रो पक्षले जिम्मा लिईसकेपछी कार्यालयमा फिर्ता नबुझाउदा सम्म सो को पूर्ण जिम्मेवारी दोस्रो पक्षले नै लिनु पर्नेछ।
८. यो सम्झौता गरि तोकिएको अवधिका लागि लगिएको एम्बुलेन्स समय समाप्त भएपछि नबुझाएमा दोस्रो पक्षले दैनिक रकम रु ............... का दरले प्रथम पक्षलाई थप हर्जना दिनुपर्नेछ।
९. एम्बुलेन्स प्रयोग गरे बाफत कुनै सरकारी कर तिर्नु पर्ने भएमा दोस्रो पक्षले नै तिर्नु पर्नेछ।

| भाडामा लिने व्यक्ति / सस्थाको तर्फबाट | कार्यालयको तर्फबाटः |
|---|---|
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |

केदारस्युँ गाउँपालिका

अनुसूची-४
दफा १७ उपदफा १ सँग सम्बन्धित

- First Aid का सामानहरु
- Oxygen Cyclider, Flow Meter, Mask जडित वा जरुरी राख्न सकिने दसवारी साधन
- IV Injection दिन सकिने व्यवस्था
- Stretcher Cum Board
- Stethoscope, B P Apparatus, Tourchlight
- Driver with basic training in first aid and emergent medicine

केदारस्यूँ गाउँपालिका

## अनुसूचि-५

### दफा १७ को उपदफा ३ सँग सम्बन्धित

### एम्बुलेन्स मर्मत सभार सम्बन्धित अभिलेख

| | मर्मत खर्चको विवरण | | | जम्मा खर्च | मर्मत कम्पनी | कैफियत |
|---|---|---|---|---|---|---|
| | सामान | ज्याला | लुब्रिकेन्टस | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | |
|---|---|---|---|
| सिफारिस गर्नेः<br>चालक | रुजु गर्नेः<br>जिन्सी शाखा | प्रमाणित गर्ने<br>स्वास्थ्य शाखा प्रमुख | स्वीकृत गर्ने<br>स्वास्थ्य केन्द्र प्रमूख |

केदारस्युँ गाउँपालिका